श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय सर्लाहीका प्र. जि. अ. श्री रामकृष्ण पन्त काजमा काठमाडौंमा रहनुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री कुलप्रसाद थापालाई मिति २०४५।३।२३ देखि का. मु. मुकरर गरेको छ ।

आज्ञाले,
कृष्णबहादुर प्रधान
उपसचिव

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४५।४।५ को निर्णय अनुसार यस विभागका राजपत्राङ्कित प्रथम श्रेणी तह–२ का नायव महालेखा परीक्षक श्री यादव रञ्जन बराललाई लेखापरीक्षण सेवा राजपत्राङ्कित प्रथम श्रेणी तह–१ को वरिष्ठ नायव महालेखा परीक्षक पदमा मिति २०४५।४।१ देखि बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक

९३२



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।